अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२।०१।०५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	गणेशमान सिंह, रुद्र बहादुर वली, हरिप्रसाद पाण्डेय, गौकला सिंह, अकल सुनार, जर्मकला काफ्ले, ददी कामी भनिने दधि कामी, मलिम रावत र मनराज शाही मुद्दा नं. ०८०-CR-०१६२ फैसला मिति २०८१।०५।१	**सडक निर्माण कार्यमा भ्रष्टाचार गरेको**	**आयोगको माग दावी** **प्रतिवादी महावै गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत गणेशमान सिंहको हकमाः** रु.३८,७६,२७०।—(अठतिस लाख छयहत्तर हजार दुई सय सत्तरी) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम जरिवाना गरी बिगो समेत असुलउपर हुन माग दावी लिईएको। **प्रतिवादी महावै गाउँपालिकाका तत्कालीन इन्जिनियर रुद्र बहादुर वली, सव-इन्जिनियर हरि प्रसाद पाण्डेय को हकमाः** इन्जिनियर रुद्र बहादुर वली र सबइन्जिनियर हरि प्रसाद पाण्डेय उपर रु.३८,७६,२७०।- (अठतिस लाख छयहत्तर हजार दुई सय सत्तरी) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो समेत असुलउपर हुन माग दावी लिईएको । साथै निज इन्जिनियर रुद्र बहादुर वली र सबइन्जिनियर हरि प्रसाद पाण्डेयले कम परिमाणको कार्यलाई योजनाको लागत इस्टिमेट, मूल्याङ्कन, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र अन्तिम बिलको आधारमा कार्यसम्पन्न भएको सत्य हो भनी भए गरेको कुरा लुकाइछिपाइ गलत प्रतिवेदन दिई गाउँपालिकालाई रु.३८,७६,२७०।- (अठतिस लाख छयहत्तर हजार दुई सय सत्तरी) बराबरको गैरकानुनी हानिनोक्सानी पुर्‍याइ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजहरूलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना हुन समेत माग दावी लिईएको। **प्रतिवादी महावै गाउँपालिकाका पूर्व उपाध्यक्ष तथा पालिकास्तरीय योजना अनुगमन समितिका संयोजक मनराज शाहीको हकमाः** रु.३८,७६,२७०।- (अठतिस लाख छयहत्तर हजार दुई सय सत्तरी) बराबरको गैरकानुनी हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादी मनराज शाहीलाई सोही ऐनको दफा १९ को	आयोगबाट खटिएको टोलीले गरेको स्थलगत मुचुल्कामा सिमखेतदेखि ओदासम्म सडक निर्माण भएको भनी उल्लेख भएको र प्राविधिक प्रतिवेदनमा सडकको सुरु बिन्दु वडा नं. ३ समिखेत र अन्तिम बिन्दु वडा नं. रिखि ढाँड मोडसम्म रहेको उल्लेख भई वडा नं. २ मा सडक निर्माण भए नभएकोमा विषयमा मुचुल्का मौन रहेको देखिएको, प्राविधिक प्रतिवेदनमा सडकको वास्तविक लम्बाई ५२० मिटर सडकको चौडाई ३ देखि ७ मिटर रहेको भनिएकोमा औसतमा ३.७ मिटर चौडाई रहेको औसत गणना मिलेको नदेखिएको, हार्डरक तर्फ प्राविधिक प्रतिवेदनमा ९४४.२ घ.मि. काम भएको उल्लेख भएकोमा संशोधन गरी जम्मा १६९.३ घ.मि. काम भएको भनी उल्लेख भएको अवस्थामा स्थलगत मुचुल्का र प्राविधिक प्रतिवेदनको बेहोरा विश्वसनीय र भरपर्दो प्रमाणका रुपमा देखिन नआएको । प्रतिवादी मलिम रावतको हकमा मूल्य अभिवृद्धि कर गणनामा त्रुटि रहेको भने तापनि राजस्वमा दाखिला भई सकेको समेत देखिन आएको ।	• महावै गाउँपालिका, कालिकोटले आ.व. २०७५/०७६ मा उपभोक्ता समिति मार्फत सिमखेतदेखि ओदा/पादमघाटसम्मको सडक निर्माण कार्य गर्दा गाउँपालिकाको अन्तिम मूल्याङ्कन तथा नापी किताबमा ८२० मिटर लम्बाइ, ४ मिटर चौडाइ र २०४५ घनमिटर कडा चट्टान खनिएको उल्लेख भएता पनि फिल्डमा सडकको लम्बाइ ५२० मिटर, चौडाइ औसत ३.७ मिटर र कडा चट्टान खनिएको परिमाण १६९.८० घनमिटर मात्र भएको नापजाँचबाट देखिएको र अन्तिम मूल्याङ्कन तथा नापी किताबमा वास्तविक भन्दा फरक तवरले सडकको Cross-Section तयार पारी, बढी लम्बाइको सडक तथा बढी परिमाणमा कडा चट्टान खनिएको देखाई रु.३८,७६,२७०।— (अठतिस लाख छहयत्तर हजार दुई सय सत्तरी) बढी रकम भुक्तानीको लागि बिल बनेको देखिएको र उक्त कार्यमा उपभोक्ता समितका पदाधिकारी र गाउँपालिकाका कर्मचारीको गलत मनसाय भएको तथ्यलाई प्राविधिक प्रतिवेदन मूल्याङ्कनले पुष्टि गरेको एवम् प्राविधिक मूल्याङ्कनकर्ता जनकराज पन्त, सरोज पौडेल समेतले सम्मानित अदालतमा बकपत्र गर्दा प्राविधिक मूल्याङ्न गर्ने क्रममा आफूहरु फिल्डमा गएरै नापजाँच गरेकाले प्राविधिक मूल्याङ्कनको व्यहोरा ठिक छ भनी व्यहोरा लेखाइदिएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १० र १८ को कानुनी व्यवस्थालाई ग्रहण नगरी प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ । • त्यस्तै आन्तरिक राजस्व कार्यालय जुम्लाको च.नं.९६ मिति २०७९/०८/१६ गतेको पत्रबाट स्थायी लेखा नं.६०७८७७६६१ (रोयल निर्माण सेवा) ले आय वर्ष ०७५/०७६ को कर अवधि २०७६ असार महिनामा जारी गरेको कर बीजक नं.४, मिति २०७६/०३/२९ को सम्बन्धमा उक्त फर्मको आय वर्ष ०७५/०७६ को कर अवधिको मूल्य अभिवृद्धि कर विवरणमा शून्य बिक्री देखाइएको अर्थात उल्लेखित कर बीजक अनुसारको कर समेत समायोजन गरेको नदेखिएको एवम् करदातासँग कागजात तथा प्रमाणहरू माग गरी छानबिन तथा अनुसन्धानको क्रममा रहेको भन्ने व्यहोरा स्पष्ट उल्लेख भएको अवस्था समेततर्फ अनदेखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ । • महावै गाउँपालिका, कालिकोटले उपभोक्ता समिति मार्फत सिमखेतदेखि ओदा/पादमघाटसम्मको सडक निर्माण कार्य गरी भुक्तानीको लागि उपभोक्ता समितिले गाउँपालिकामा फाईल पेश गर्दा प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य जिम्मेवार कर्मचारीहरुले कुनै पनि कम्पनी/फर्म नभएका र मेसिनको स्वामित्व खुल्ने बिलबुक समेत नभएका स्थानीय व्यक्ति इन्द्र बहादुर शाहीसँग गरेको सम्झौताको कागज एवं उपभोक्ता समितिको नाममा जारी नभई महावै गाउँपालिकाको नाममा जारी भएको स्थायी लेखा नं. ६०७८७७६६१ भएको रोयल निर्माण सेवाको बिल बीजक नं. ४, मिति २०७६/०३/२९ को बिल रकम रु.३९,८८,१९३।- (उन्नाचालिस लाख अठासी हजार एक सय त्रियानब्बे) को १३ प्रतिशतले भ्याटको रकम रु.४,५१,०६४।५१ (चार लाख एकाउन्न हजार चौसठ्ठी रुपैयाँ एकाउन्न पैसा) हुनु पर्नेमा रु. ५,१८,४६६।—(पाँच लाख अठार हजार चार सय छैसठ्ठी) उल्लेख भएको एवं जोडजम्मा नै नमिलेको भुक्तानीको लागि पेश भएका त्रुटिपूर्ण

			उपदफा (२) बमोजिमको कैद र जरिवाना हुन माग दावी लिईएको। **प्रतिवादी महावै गाउँपालिकाका २ नं. वडाका तत्कालीन वडाअध्यक्ष गौकला सिंहको हकमाः** रु.३८,७६,२७०।- (अठतिस लाख छयहत्तर हजार दुई सय सत्तरी) बराबरको गैरकानुनी हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादी गौकला सिंहलाई सोही ऐनको दफा ८ को उपदफा (३) बमोजिमको सजाय हुन माग दावी लिईएको। **प्रतिवादीहरू महावै गाउँपालिकाका सिमखेतदेखि पादमघाटसम्म सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष अकल सुनार, कोषाध्यक्ष जर्मकला काफ्ले र सचिव ददी कामी भनिने दधि कामीको हकमाः** रु.३८,७६,२७०।- (अठतिस लाख छयहत्तर हजार दुई सय सत्तरी) बराबरको हानिनोक्सानी पुऱ्याएको हुँदा निजहरू उपर जम्मा रु.३८,७६,२७०।- (अठतिस लाख छयहत्तर हजार दुई सय सत्तरी) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा निजहरूलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन माग दावी लिईएको । **प्रतिवादी महावै गाउँपालिकाका लेखापाल मलिम रावतको हकमाः** रु.३८,७६,२७०।- (अठतिस लाख छयहत्तर हजार दुई सय सत्तरी) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा निज प्रतिवादी मलिम रावतलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो समेत असुलउपर हुन माग दावी लिईएको। **अदालतको फैसला** प्रतिवादीहरुले आरोप दावीबाट सफाई पाउने गरी फैसला भएको ।		स्रेस्ताहरू देखिंदादेखिंदै उक्त बिलको जोडजम्मा र Pre-Audit नगरेको साथै फिल्डमा भएको कामको परिमाण भन्दा बढी परीमाणको काम भएको भनी रु.३८,७६,२७०।- (अठतिस लाख छयहत्तर हजार दुई सय सत्तरी) बढी भुक्तानी दिई आफूलाई गैरकानुनी लाभ पुऱ्याउने बदनियतले रु.३८,७६,२७०।- (अठतिस लाख छयहत्तर हजार दुई सय सत्तरी) बराबर सरकारी हानीनोक्सानी भई भ्रष्टाचार गरेको पुष्टि हुन आएको हुँदा हुँदै प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । अतः उल्लिखित आधार, कारणबाट प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा निज प्रतिवादी गणेशमान सिंह, रुद्र बहादुर वली, हरिप्रसाद पाण्डेय, गौकला सिंह, अकल सुनार, जर्मकला काफ्ले, ददी कामी भनिने दधि कामी, मलिम रावत र मनराज शाहीलाई आरोप मागदावी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ ।